REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs     Date: 03.09.2024

## टुरिजियम  मिनिस्टर कन्फरेन्स्

मेघालयको शिलङमा हिजो पर्यटन मन्त्रीहरूको सम्मेलन  आयोजित भयो। केन्द्रीय पर्यटन मन्त्री श्री गजेन्द्र सिंह शेखावतले अध्यक्षता गर्नुभएको सम्मेलनमा पूर्वोत्तर पूर्वी राज्यहरू र केन्द्रशासित प्रदेसहरूका पर्यटन मन्त्रीहरूले भाग लिए।

श्री शेखावतले भन्नुभयो देशमा पर्यटनको समग्र वृद्धि र विकासका लागि मन्त्रालयले सबै वृद्धि र विकासका लागि मन्त्रालयले सबै राज्य र केन्द्रशासित प्रदेसहरूसित अधिक सहयोगका लागि बैठकहरूको एउटा ऋङ्खला आयोजन गरिरहेछ र यो यस ऋङ्खलाको तेस्रो बैठक हो।

उहाँले भन्नुभयो यस्ता बैठकहरूले विश्व स्तरमा प्रतिष्ठित पर्यटन स्थलहरूलाई विकसित  गर्ने, वैकल्पिक स्थ्लहरूलाई बढाउने र क्षेत्रमा विपणन, सुरक्षा सम्पर्क, स्वच्छता र व्यापार गर्नका सहजतबारे सुधारमाथि ध्यान केन्द्रित गर्नेछन्।

उहाँले भन्नुभयो पर्यटन उद्योग सार्वजनिक निजी सहभागिता पिपिपि मोडलको हिस्साको रूपमा अधिकभन्दा अधिक प्रोत्साहनका लागि निजी निवेशको खोजीमा छ।

केन्द्रीय मन्त्रीले राज्यहरूसित विभिन्न क्षेत्रमा पर्यटन विकासका लागि प्रस्ताव राख्ने आह्वाहन गर्नुभयो।

यसैवीच आफ्नो वक्तव्यमा राज्यका पर्यटन मन्त्री श्री छिरिङ थेण्डुप भुटियाले सिक्किममा पर्यटन क्षेत्रको विकासका लागि गरिएका पहलहरूबारे प्रकाश पार्नुभयो।

उहाँले मुख्यमन्त्री श्री प्रेमसिंह तामङको नेतृत्वमा सिक्किमलाई वर्षैभरिको प्रमुख गन्तव्यको रूपमा विकसित गर्न राज्य सरकार प्रतिवद्ध रहेको  कुरो बताउनुभयो। सम्मेलनमा बोल्दै पर्यटन विभागका प्रधान सचिव श्री सी एस रावले राज्यका प्रस्तावित पर्यटन केन्द्र निवेशको अवसर, स्वच्छता स्थलहरू अनि विपणन र सम्वर्ध्यनबारे अवगत गराउनुभयो।

प्राप्त जानकारी अनुसार केन्द्रीय पर्यटन मन्त्री श्री गजेन्द्र शेखावत र केन्द्रीय पर्यटन राज्य मन्त्री श्री सुरेश गोपीले राज्य सरकारको दर्शन र पहलहरूको प्रशंसा गर्दै सिक्किममा वैकल्पिक गन्तव्यस्थलहरूको विकासमा आवश्यक सहायता प्रदान गर्ने आश्वासन दिनुभएको छ।

**एनिमिया स्क्रिनिङ क्याम्प**

देशमा अहिले सातौं राष्ट्रिय पोषण महीना पालन गरिँदैछ।
यस अवसरमा राज्यमा पनि विभिन्न कार्यक्रमहरू आयोजित भइरहेछन्।
महिला बाल कल्याण विभागले मंगन जिल्लाको आयुष कक्षसित मिलेर सिंधिक सरकारी माध्यमिक पाठशालामा आज रक्तअल्पता जाँच शिविर सामान्य स्वास्थ्य शिविर र पाठशाला स्वास्थ्य शिविर आयोजन गर्यो।

यसमा रक्तअल्पतासित सम्वन्धित मामिलाहरूमा पत्तो लगाएर यसमाथि चर्चा गर्नका साथै मानिसहरूलाई पोषणबारे परामर्श दिइयो।

राष्ट्रिय आयुष मिशनले राज्यको स्वास्थ्य तथा परिवार कल्याण विभागसित मिलेर पन्ध्रदेखि उन्नाइस वर्ष वीचका किशोर किशोरीहरूका लागि स्वास्थ्य जाँच र रक्त जाँच गर्यो।

रक्तअल्पताको लक्षण, रोकथाम र उपचारका जागरूकता कार्यक्रमहरू पनि आयोजित भइरहेछन्। आयुष का प्रतिनिधिहरूले रक्तअल्पतासित सम्वन्धित समस्याहरूको समाधान र विद्यार्थीहरूमा पोषण भी पढाई भी पहलबारे अवगत गराउन विभिन्न पाठशालाहरूको भ्रमण अवगत गराउन विभिन्न पाठशालाहरूको भ्रमण गरिरहेछन्।

यी सामान्य स्वास्थ्य शिविरहरू राज्य भरिका विभिन्न स्वास्थ्य उपकेन्द्र र प्राथमिक स्वास्थ्य केन्द्रहरूमा आयोजन गरिँदैछ।

**नशा मुक्ति सिक्किम**

नशामुक्त सिक्किम अभियानलाई तृणमूल स्तरसम्म पुर्याउनका लागि नाम्ची जिल्ला पञ्चायतले विभिन्न क्रियाकलापहरू आरम्भ गरेको छ।

यसै सम्वन्धमा नाम्चीका जिल्ला र ग्राम पञ्चायत सदस्यहरूको प्रारम्भिक समन्वय बैठक नाम्ची जिल्ला पञ्चायत भवनमा आज बस्यो।

आँउदो बाह्र सितम्बरका दिन प्रखण्ड र ग्राम पञ्चायत इकाइहरूमा नशामुक्त सिक्किम अभियानका लागि स्थानीय निकायहरूमाझ प्रभावी समन्वय सुनिश्चित गर्ने उदेश्यले बैठक डाकिएको थियो। यसको अध्यक्षता गर्दै जिल्ला अध्यक्ष सुश्री अञ्जिता राजलिमले प्रधानमन्त्री श्री नरेन्द्र मोदी र मुख्यमन्त्री  श्री प्रेमसिंह तामङको समर्थन नशामुक्त भारत अभियान अन्तर्गत नशामुक्त सिक्किम पहलको विशेषताबारे प्रकाश पार्नुभयो।

अभियानमा विद्यार्थीवर्ग, क्लबहरू र गैर सरकारी संगठनहरूलाई संलग्न गराएर जागरूकता कार्यक्रम र्याली र अन्य कार्यक्रमहरू आयोजन गरिनेछ।

**मिशन लाइफ**

पर्यावरण वन तथा जलवायु परिवर्तन मन्त्रालयले राष्ट्रिय तथा वैश्विक स्तरमा पर्यावरणमैत्री जीवनशैलीलाई प्रोत्साहित गर्दै व्यावहारमा परिवर्तन ल्याउन युवा मस्तिक र शोधार्थीहरूबाट नवीन विचाररू सम्वन्धी प्रस्ताव आमन्त्रित गरेको छ।

यो पहल पर्यावरणका लागि जीवनशैली मिशन लाइफको एउटा भाग हो।  यस पहलका लागि एउटा समर्पति पोर्टल शुरू गरिएको छ। राज्यका मान्यताप्राप्त विश्वविद्यालय र महाविद्यालयहरूबाट ideas for life.noc.in मा प्रवेश आमन्त्रण गरिएको छ।

पोर्टलमा पन्ध्र सितम्बर 2024 सम्ममा प्रवेश बुझाउनुपर्नेछ। केन्द्रीय पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्रीले गत उन्तीस जुलाईका दिन ideathon तथा Hackathon idea for life  को शुभारम्भ गर्नुभएको थियो।